परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक



मधेस प्रदेशसभाको दोस्रो अधिवेशन असोज २३ गते बोलाइयो

●वर्ष २ ●अंक १२८ ●२०८० असोज २१ गते आइतबार ● (8-October-2023) ●पृष्ठ ४ ●मुल्य रु ५।- www.talknepaltv.com

## दोश्रो मुन्नी मिश्रि स्मृति पुरुष भलिबलको घोषणा, प्रथम पुरस्कार १० हजार बढाएर २१ हजार



■ टक नेपाल

गौशाला । महोतरीको गौशाला - १२ कान्तिबजारमा दोश्रो मुन्नी मिश्रि स्मृति पुरुष भलिबल आयोजना हुने भएको छ । सामुदायिक विकास युवा क्लबको आयोजनामा हुने भलिबल प्रतियोगिता यस क्षेत्रको सर्वाधिक पुरकार राशिको खेल हो । हिन्दुहरुको महान चाडपर्व दशै, दिपावली र छठ पर्वको शुभ अवसरमा कातिक ८ गते देखि दोश्रो मुन्नी मिश्रि स्मृति भलिबल प्रतियोगिता हुनेछ । स्व.मुन्नी मिश्रि स्मृति भलिबलको उपाधि जित्ने लाई नगद २१ हजार, उप विजेतालाई ११ हजार नगद पुरस्कार प्रदान गरिने आयोजक सामुदायिक विकास युवा क्लबका अध्यक्ष सन्तोष सिहले बताए । गत वर्ष प्रथम पुरस्कार ११ हजार र दोश्रो पुरस्कार ५ हजार १ सय थियो । यस वर्ष पुरस्कार राशि बढाइएको छ । भलिवल संघको नियम अनुसार सञ्चालन हुने खेलमा संघ संस्थालाई सहभागी हुन क्लबले आव्हान गरेको छ । सामुदायिक विकास युवा क्लबको असोज २० गते शनिबार बसेको बैठकले दोश्रो मुन्नी मिश्रि स्मृति पुरुष भलिबल खेल आयोजना गर्ने निर्णय गरेको छ ।

## मधेश प्रदेशमा फेरि मन्त्रालय फुटाइयो : साहलाई खेलकुद र समाजकल्याण, जनमत छलफलमा

■ टक नेपाल



जनकपुरधाम । मधेश प्रदेशमा सरकार गठन भएको वर्ष दिन नपुग्दै सातौं पटक मन्त्रीमण्डल पुनर्गठन भएको छ । बिना विभागीय मन्त्री रहेकी सुरिता साहलाई खेलकुद तथा समाजकल्याण मन्त्री बनाइएको छ । सामाजिक विकास मन्त्रालय टुक्रयाएर शिक्षा र स्वास्थ्य मन्त्रालय बनाइएपछि साह बिना विभागीय भएकी थिइन् । छैठौं पटक मन्त्रीमण्डल पुनर्गठन हुँदा साहलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको जिम्मेवारी दिइएको थियो । शिक्षा तथा समाजकल्याण मन्त्रालयमा रहेका खेलकुद तथा समाजकल्याण मन्त्रालयको जिम्मेवारी साहले पाएकी छन् । शिक्षा तथा संस्कृति मन्त्रालयको जिम्मेवारी महेश यादवले पाएका छन् । यस अघि उनी शिक्षा तथा समाजकल्याण मन्त्री रहेका थिए। साह पछिल्लो ४ महिनादेखि बिना विभागीय मन्त्री रहेकी थिइन् । स्वतन्त्र रुपमा निर्वाचित भएकी साह जसपामा प्रवेश गरिसकेकी छन् । उनको मन्त्रालय खोसेर जनमत पार्टी संसदीय दलका नेता यादवलाई दिएको थियो । सातौं पटक भएको पुनर्गठनमा साहले यादव मन्त्री रहेकै शिक्षा तथा समाजकल्याण फुटाएर मन्त्रालय पाएकी छन् । मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले मंगलवार नै साहलाई विभाग तोकेपनि प्रदेश प्रमुख प्रदेश बाहिर रहेकाले उनी शुक्रबार मात्र मन्त्रालयको पत्र पाएकी छन् । प्रदेश प्रमुख हरिशंकर मिश्रले साहलाई मन्त्रालयको जानकारी टेलिफोनमा दिएका थिए । मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको सिफारिसमा प्रदेश प्रमुख हरि शंकर मिश्रले शुक्रबार विज्ञप्ति प्रकाशित गरी कार्यविभाजन सार्वजनिक गरेका छन् । मधेश प्रदेशमा फेरि एउटा मन्त्रालय बढेको छ । तर त्यसबाट जनमत पार्टी असन्तुष्ट देखिएको छ । मुख्यमन्त्री यादवले मनपरी ढंगले मन्त्रालयहरुको विभाजन र विभाग परि वर्तन गरिरहेको आरोप जनमतले लगाएको छ । मुख्यमन्त्रीले मनपरी ढंगले आफ्नो भागको मन्त्रालय फोडेको भन्दै जनमत पार्टी संसदीय दलका नेता समेत रहेका शिक्षा मन्त्री यादवले असन्तुष्टि व्यक्त गरेका छन् ।

*बाँकी पृष्ठ ३ मा*

अब विश्वको कुनै कुनाबाट एक क्लिकमा हेर्नुस्
मधेश र देश विदेशको हरेक खबर
www.talknepaltv.com
बर्दिबास मिडिया प्रा.लि.,
बर्दिबास, महोत्तरी (मधेश प्रदेश)
९८०७८२१०१४, ९८६३२१०१४

दाँत तथा मुख, कपाल र अनुहार सम्बन्धि
सम्पूर्ण उपचार हाम्रै सहर बर्दिवासमा

कस्मेटिक फेस उपचार :
१.हाईड्राफेसियल उपचार(Hydrafacial)
२.अनुहारको चायाँ,पोतो,डण्डिफोर र रिंकल्स आदिको उपचार
३.कपाल बृद्धि उपचार(PRP$GFC)
४.स्कयाल्प माईक्रोपिगमेन्टशन
५.भौं माईक्रोब्लेडिङ(Permanent eye Brow )
६.झुरियाँ उपचार
७.चिल्लो मुस्कानको उपचार (Botox,filler&Thread)
८.ओंठ पिग्मेन्टेशन
९.केमिकल पिलिङ्ग
१०.लेजर(HIFU,Tatoo&Hair Removal)
११.बिबि ग्लो
१२.ब्युटि स्पट
१३.कानको लोप ममर्त
१४.माईक्रोनिडलिंग उपचार
१५.स्कीन(Tags,Mole Removal)

हाम्रो सेवाहरू :

दाँतको उपचार:
१.दाँतको उपचार (X-ray (RVG)
२.जराको उपचार (3D RCT)
३.गिजाको शल्यक्रि
४.जराको सर्जरी
५.चिरफार गरी दाँत निकाल्ने
६.तलमाथि सम्पूर्ण दाँत निकाल्ने
७.बाङगो टिङगो र छिछरा दाँत मिलाउने (Fixed Ortho)
८.स्थायी दाँत लगाउने
९.बन्द मुख खोल्ने उपचार
१०.हड्डी सम्बन्धी (Fracture of Jaw Bone)
११.दाँत टल्काउने(Bleaching)
१२.दाँत प्रत्यारोपन(Dental implants)

20% छुट सबै सेवामा

नोट: आधुनिक मेशिनद्धारा दाँत तथा मुख, कपाल र अनुहारको उपचार
निशुल्क परामर्श सेवा
कस्मेटिक तथा दन्त उपचार १५ छुट
अपाङ्ग तथा जेष्ठ नागरिकलाई ५० छुट दन्त उपचार लागि मात्र

SHARMA ORAL DENTAL CARE & FACE CLINIC
DR.SHAMBHU KUMAR SHARMA
BDS,PGDCC
शर्मा ओरल डेन्टल केयर एण्ड फेस क्लिनिक प्रा.लि.
मेन रोड, बर्दिबास
मो. ९८००८७९८५८, ९७४६६७०३९२

खुशीको खबर सिन्धुली जिल्लामा पहिलो पटक प्याराग्लाइडिङ उड्डान संचालमा आएको छ । प्याराग्लाइडिङ गर्न चाहने व्यक्तीलहरुले आफ्नो नाम बुकिङ्ग गराउन चाहेमा हामिलाई सम्झनुहोस् ।



सुशिल ढकाल
☎ ०४४-५५०६७०, ९८४९७३२९९७
सम्पर्कको लागि
श्री कुसुम कृषि सहकारी संस्था
बर्दिबास, महोत्तरी

Healthy Living Nepal Pvt. Ltd.
Bardibas Branch-1, Mahottari (Madhesh Pradesh)
बैजनाथ चौधरी
मो. ९८४४२५१७९९, ९७०३७७४७८४
हरेक प्रोडक्टमा बम्पर अफर !






जलेश्वर रोड, भोलाबसन्त चौक (पावन मिथिला होटलको अगाडी)

## ....सम्पादकीय

### कृषकको पीडा नै पीडा

नेपाल कृषि प्रधान देश हो । यहाँका अझैपनि ८० प्रतिशत नागरिकहरु कृषि पेसामा नै आश्रित छन् । कृषि मुल पेसा भएपनि कृषकहरुको अवस्था भने उस्तै छ । कृषकहरु समस्या नै रहे पनि उनीहरुको पीडामा साथ दिनेहरु भने निरिह नै भएको देखिन्छ ।सरकारहरु भएपनि कृषकहरुको सवालमा उदार भएको देखिदैन । कृषकहरुका विषयमा स्थानीय सरकारहरुले नीति बनाए पनि प्रभावकारी कार्यान्वन भएको देखिदैन ।भन्नलाई त हरेक सरकारहरुले कृषिलाई पहिलो प्राथमिकता भन्ने गर्दछन् तर व्यवहारमा भने कृषकहरुको अवस्था उस्तै छ । कहिले धानमा दाना नलागेर त कहिले मकैंमा दाना नलागेर कृषकहरु पीडामा रहेका छन् ।बाराको निजगढ क्षेत्रका कृषकहरुलाई अहिले यस्तै समस्या छ । उनीहरुले लगाएको धानमा दाना नलाग्दा उनीहरुमा निराशा छाएको छ । उन्नत जातको भनेर ल्याएको धानमा बाला नलागेपछि किसानहरु भोकमरी लाग्ने त्रासमा छन ।त्यसो त कृषकहरुको पीडा भएपनि फेरि यो समस्या देशकै हो । तराई नेपालको अन्न भण्डार भनिन्छ अनि अन्नको भण्डार रहेको स्थानमा नै राम्रोसंग धान उत्पादन भएन भने त्यसले देशलाई नै घाटा पुग्ने निश्चित छ । त्यसैले पनि कृषकहरुको समस्या समाधानका लागि नीति बनाउन आवश्यक देखिन्छ र मल र बिऊ खरिदका बिषयमा पनि कृषकहरु सचेत बन्न आवश्यक देखिन्छ ।



हरेक भेषका घटनाहरुको सुक्ष्म अध्यन गरेर सत्यतथ्य समाचार पस्किन हाम्रो टिम हरपल कटिबद्ध छ ।

# मधेस प्रदेशसभाको दोस्रो अधिवेशन असोज २३ गते बोलाइयो

**टक नेपाल**



जनकपुरधाम । मधेस प्रदेशमा प्रदेशसभाको दोस्रो अधिवेशन असोज २३ गते बोलाइएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को बैठकबाट निर्णय भएपछि मधेस सरकारको सिफारिसमा प्रदेश प्रमुखको कार्यालयले औपचारिक पत्र पठाएपछि दोस्रो अधिवेशन आव्हान गरिएको प्रदेशसभा सचिवालयले जनाएको छ । प्रदेश सभाका सचिव रञ्जित यादवले चालु आर्थिक वर्षको बजेट पारित भएपछि गत असार ३१ गते दोस्रो कार्यकालको पहिलो अधिवेशन अन्त्य भएको दुई महिना २३ दिन पछि मधेस प्रदेशसभाको बैठक बस्न लागेको जानकारी दिए । मधेस सरकारले पहिलो अधिवेशनबाट आर्थिक विधेयक, बजेट विनियोजन विधेयक र ऐनहरुको संशोधन गर्न बनेको विधेयक पारित गराएका थिए । भने विभिन्न विषयगत समितिमा चारवटा विधेयक दफाबार छलफलकै क्रममा रहेको जनाइएको छ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था स्थापनासँगै मधेस प्रदेशलाई चुस्तदुरुस्त र समृद्ध बनाउनका लागि न्युनतम १ सय १५ वटा कानुन निर्माण गर्नुपर्ने प्रदेश सरकारले पहिचान गरेको थियो । मधेस प्रदेशको पहिलो मुख्यमन्त्री लालबाबु राउत नेतृत्वको सरकारले ५७ वटा मात्रै कानुन बनाउन सकेको थियो । भने दोस्रो कार्यकालको ६१ घण्टा चलेको प्रथम अधिबेशनको ३६ पटक बसेको बैठकबाट मुख्यमन्त्री सरोजकुमार यादवले दुई पटक विश्वासको मत लिइसकेका छन् । बैठक नबस्दा दुई वटा विषयगत समिति अपूर्ण मधेस प्रदेश सभाको बैठक नबसेको कारण दुई वटा विषयगत समिति अपूर्ण रहेको छ। समितिका सदस्य चयन भई पनि समितिका सभापति चयन हुन नसक्दा विधेयक उपर दफावार छलफल अगाडि बढ्न सकेको छैन । गत असार ३ गते प्रदेश सभाले सात वटा विषयगत समितिमध्ये पाँच वटाको सभापति निर्वाचित गरेको थियो । सभामा प्रतिनिधित्व गरिरहेका राजनीतिक दलहरूको सहमति कै आधारमा विकास समिति सभापतिमा जसपाका सारदाशंकर प्रसाद कलवार, अर्थ तथा योजना समिति सभापतिमा जनमत पार्टीका सतिशकुमार सिंह, प्राकृतिक स्रोत तथा वातावरण समिति सभापतिमा नेकपा (माओवादी केन्द्र)का शारदा दास (पहाडी), सार्वजनिक लेखा समिति सभापतिमा नेकपा एमालेका मन्जुकुमारी थापा मगर र महिला, बालबालिका तथा सामाजिक न्याय समितिको सभापतिमा लोसपाका रुपाकुमारी यादव निर्विरोध निर्वाचित हुनु भएको प्रदेश सभाका सूचना अधिकारी कानुन अधिकृत चन्दन ठाकुरले बताए। तर बाँकी दुई वटा कृषि तथा भूमि व्यवस्थापन समिति र प्रदेश मामिला समितिमा सभापति चयन गर्न बाँकी रहेको छ । यी दुई वटामध्ये एउटा सत्ता साझेदारी नेपाली कांग्रेसलाई र अर्को नेकपा (एकीकृत समाजवादी) को भागमा परेको दलहरू बीच सहमति भएको छ । यी दुई दलले विषयगत सभापति निर्वाचनताका दलको तर्फबाट उम्मेदवारको नाम सिफारिस भएर नपठाउँदा सभापतिको निर्वाचन हुन नसकेको सभामुख रामचन्द्र मण्डलले जानकारी दिए । अहिलेसम्म सभामा पेश भएको ८ मध्ये ३ पारित प्रदेश सभाको पहिलो अधिवेशन असार ३१ गते ३५ औं पटकको बैठक गरी सकिएको थियो । यस अधिवेशनमा आठ वटा विधेयक दर्ता भएको थियो । जसमध्ये तीन वटा विधेयक पारित भई प्रमाणीकरण समेत भइसकेको सूचना अधिकारी कानुन अधिकृत ठाकुरले बताए । आर्थिक विधेयक, मधेस प्रदेश विनियोजन विधेयक, मधेस प्रदेशका केही ऐन संशोधन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित भई प्रमाणीकरण समेत भइसकेको उनले बताए । प्रदेश खेलकुद विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश बालिका संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश बालअधिकार ऐन २०७९(पहिलो संशोधन) सम्बन्धी विधेयक, स्थानीय सेवा गठन र सञ्चालन र सेवाका सर्तहरूको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र मधेस सवारी तथा यातायात व्यवस्था विधेयक पारित गर्न बाँकी रहेको उनले बताए। प्रदेश सभाका प्रवक्ता कानुन उपसचिव अरुणकुमार झाका अनुसार सभापति निर्वाचित भइसकेका विषयगत समितिको नियमित बैठक बसेर पेस भएको विधेयकउपर दफावार छलफल भइरहेको भएपनि सभापति नभएर प्रदेश मामिला समितिको बैठक बस्न सकेको छैन । यसकारण समितिमा दफावार छलफलका लागि पेस भएको स्थानीय सेवा गठन र सञ्चालन र सेवाका सर्तहरूको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक उपरको कारबाही प्रभावित बनेको छ । जति चाँडो भए सभापति चयन भए राम्रो हुने उनको भनाइ छ । समितिमा सभापति निर्वाचित नभएसम्म ज्येष्ठ सदस्यको अध्यक्षतामा बैठक बस्न सकिने प्रावधान रहेको जनाएको छ । तर यसको जिम्मेवारी कसैले लिन नचाहेको कारण पनि प्रदेश मामिला समितिको बैठक नबसेको हो । अबको प्रदेश सभा अधिवेशनले बाँकी रहेको दुई वटा विषयगत समिति सभापतिको निर्वाचन र प्रदेश सभा सदस्य बिन्दुकुमारी यादवको निधनमा शोक प्रस्ताव पेस गर्नु पर्ने आवश्यक रहेको सभामुख मण्डलले बताए ।

अमेरिकामा बसोबास तथा रोजगारको सुनौलो अवसर

EDV 2025

कान्तिपुर डिजिटल कलर ल्याब & फोटो स्टुडियो

मेनरोड बर्दिवास-१, महोत्तरी

सम्पर्क नं.:- ०४४-५५०५९५/९८५४०२०५९५

## आजदेखि दसैं लक्षित सुपथ मूल्य................

कम्पनीले भोलि थापाथालीस्थित बागमती प्रादेशिक कार्यालयका साथै देशभरका बिक्री कक्षबाट सुपथ मूल्य पसल सञ्चालन गर्नेछ । सहुलियत मूल्य पसल सञ्चालनका लागि सरकारले खाद्य व्यापार कम्पनीलाई दुई करोड ३२ लाख २० हजार बजेट छुट्याएको छ । यस्तै साल्ट् ट्रेडिङ्ले पनि काठमाडौं उपत्यकाको सतुङ्गल, कालीमाटी, पाटन, जडीबुटी, कौशलटार, भक्तपुर र सिफलसहित देशभरका कार्यालयमा सहुलियत पसल सञ्चालन गर्नेछ । साल्ट ट्रेडिङमार्फत बिक्री हुने सामानमा सहुलियत दिन सरकारले रु एक करोड छुट्याएको छ । साल्ट ट्रेडिङ्ले चिनी प्रतिकिलो रु ९७ मा बिक्री गर्नेछ । साल्ट ट्रेडिङ्ले नुनमा प्रतिकिलो दुई र तेल तथा चिउरामा प्रतिकिलो सात रुपैयाँ छुट दिनेछ । दुग्ध विकास संस्थानले घीउमा प्रतिकिलो २०, पनिर प्रतिदुई सय ग्राममा २० रुपैयाँ छुट दिनेछ । ***रासस***

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | अग्रज तथा सहयोगी जुट्नाले सोचेको लाभ उठाउन सकिनेछ। | तुला | प्रयत्न गर्दा अवसर पाइनेछ। परोपकारी काममा सहभागी भइनेछ। |
| बृष | परिस्थितिवश पहिलेको निर्णय फेरिन सक्छ। | वृश्चिक | अस्वस्थ शरीर लिएर काममा जुट्नुपर्ने अवस्था आउन सक्छ। |
| मिथुन | पहिलेको सफलताले महत्त्वाकांक्षा बढाउनेछ। | धनु | घुमफिर तथा मनोरञ्जनको समय छ। |
| कर्कट | आकस्मिक खर्च बढ्नेछ भने आम्दानी कम हुनेछ। | मकर | पहिलेको सफलताले हौसला जगाउनेछ भने पछिका लागि विशेष काममा जग बसाउने मौका छ। |
| सिंह | प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। | कुम्भ | कामको मेसो नमिल्दा पछि परिनेछ। |
| कन्या | नयाँ कामले नाम र दाम दिलाउनेछ। | मीन | छातीको समस्याले स्वास्थ्य कमजोर रहनेछ। |

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।

# वास्तु शास्त्र अध्ययनका लागि दुई विश्वविद्यालयबीच सम्झौता

■ टक नेपाल

काठमाडौँ । वास्तु शास्त्रको अध्ययन अनुसन्धानका विषयमा नेपाल संस्कृत विश्वविद्यालय र महर्षि अन्तर्राष्ट्रिय विश्वविद्यालय आयोवा अमेरिकाबीच सम्झौता भएको छ । दुवै देशका विद्वान्लाई सहभागी गराएर नेपाल महर्षि वैदिक फाउन्डेसनले काठमाडौँमा आयोजना गरेको वास्तुसम्बन्धी छ हप्ते गोष्ठी समापनका अवसरमा आज विश्वविद्यालयबीच सम्झौता भएको हो। नेपाल संस्कृत विश्वविद्यालयका तर्फबाट वास्तु इन्जिनियरिङका डीन वीरेन्द्र खड्का र महर्षि अन्तर्राष्ट्रिय विश्वविद्यालय आयोवा अमेरिकाका डीन जोन लिपम्यानले हस्ताक्षर गर्नुभयो। पछिल्लो समय नेपालमा वास्तुको अध्ययन, अध्यापनमा कमी आएका बेला त्यसलाई प्रवर्द्धन गर्ने उद्देश्यले दुवै देशका विद्वानलाई सहभागी गराएर छ हप्ते कार्यक्रम आयोजना गरिएको हो । शान्ति र समृद्धिका लागि वास्तुसम्बन्धी ज्ञान र प्रयोग अपरिहार्य भएको उल्लेख गर्दै पूर्वीय दर्शनको वास्तुसम्बन्धी ज्ञान पश्चिमा देशमा पुगेपछि वैज्ञानिक अनुसन्धानबाट पुष्टि भएको र यसको उत्पत्तिस्थल नेपालमा पुनरुत्थान गर्न लागिएको छ । यसअघि चारवटा प्रशिक्षणात्मक वास्तुसम्बन्धी गोष्ठी नेदरल्याण्डमा सम्पन्न गरिएको थियो । नेपालमा यस किसिमको पहिलो कार्यक्रम गरिएको पनि फाउन्डेसनले जनाएको छ । कार्यक्रममा एसिया, युरोप, उत्तर तथा दक्षिण अमेरिका र अष्ट्रेलिया महादेशका १४ देशका २४ जना आर्किटेक इन्जिनियरको सहभागिता रहेको थियो। वास्तुका नियम पालना गर्नुपर्नेमा जोड परराष्ट्रमन्त्री नारायणप्रकाश साउदले नेपाली संस्कृतिसँग जोडिएकाले सूर्यको तापसँग सम्बन्धित वास्तुको नियम पालना गरिनुपर्नेमा जोड दिनुभयो । उहाँले वास्तुका क्षेत्रमा पूर्वीय र पश्चिमी देशका अनुभवलाई मिलान गर्न विभिन्न १४ देशका वास्तु इन्जिनियरलाई बोलाएर कार्यक्रम गरी नेपालकै गौरव वृद्धि गरेको बताउनुभयो । ठूला भवनलगायत निर्माण गर्दा वास्तुका नियम पालना गरे सफलता पाइने उल्लेख गर्दै मन्त्री साउदले जलवायु परिवर्तनबाट आएका समस्या समाधानका लागि पनि वैदिक नियम पालनाले सहयोग गर्ने विचार राख्नुभयो । सांसद डा स्वर्णिम वाग्लेले वेदलाई आधार मानेर विकास भएको वास्तु शास्त्रका आधारमा भवन एवं संरचना निर्माण गर्दा सकारात्मक ऊर्जा प्राप्त हुने गरेको बताउनुभयो । यस क्षेत्रमा लागेका पूर्व र पश्चिमा देशका विज्ञको छ हप्ते कार्यक्रमले यस क्षेत्रलाई आधुनिकरूपमा अघि बढाउन सहयोग गर्ने उहाँको विश्वास थियो । आयोजक संस्था फाउन्डेसनका अध्यक्ष एवं पूर्व गृहराज्यमन्त्री दीपकप्रकाश बाँस्कोटाले वैदिक ज्ञानका विषयमा विश्वका मुख्य छ सय विश्वविद्यालयमा वैज्ञानिक अनुसन्धान सही सावित गरेकाले नेपाललाई वैदिक बनाउन आफू राजनीति र सहकारी क्षेत्र छाडेर लागेको बताउनुभयो । वास्तुका विषयमा पनि वैज्ञानिक अनुसन्धानबाट पुष्टि भएका विषयलाई जनसमक्ष लैजान नेपालमा छ हप्ते तालिम आयोजना गरिएको उहाँले जानकारी गराउनुभयो । नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति प्रा डा यादवप्रकाश लामिछानेले विश्वविद्यालयले स्थापनाकालदेखि नै प्राचीन विषयका साथै आधुनिक विषयलाई पनि लैजाने उद्देश्यअनुसार नै वास्तु इन्जिनियरिङको कक्षा सुरु गरिएको बताउनुभयो । कार्यक्रममा पूर्वमन्त्री एवं विश्व हिन्दू महासङ्घका अध्यक्ष डा रामचन्द्र अधिकारी, संस्कृतिविद् डा चिन्तामणि योगी, दक्षिणकाली नगरपालिकाका प्रमुख मोहन बस्नेत, महर्षि अभियानका दक्षिण एसिया निर्देशक डा किङ्स्ली ब्रुक्सलगायतले महर्षि अभियानका १२ क्षेत्रले वैदिक ज्ञानका आधारमा काम गर्ने गरेको बताउनुभएको थियो ।




# मधेश प्रदेशमा फेरि मन्त्रालय फुटाइयो............................

'मन्त्रालय फुटाउने प्रस्ताव बुधबारको क्याबिनेट बैठकमा आएको थिएन् ' मन्त्री यादवले भने, मन्त्रालय फोड्ने र कार्यविभाजनको प्रस्ताव नै नल्याइ मुख्यमन्त्रीले चोरबाटोबाट त्यसो गरेका छन् । ' म समेत रहेको क्याबिनेट बैठकमा मन्त्रालय फुटाउने विषयमा अनौपचारिक चर्चा समेत भएन' यादवले भने, मन्त्रालय फुटाएर बनाइएको कार्यविधि क्याबिनेटबाट पारित गर्नुपर्छ। तर त्यसो नभएको उनले दाबी गरे । ' मन्त्रालय फोड्ने र कार्यविभाजनको प्रस्ताव आएकै थिएन', उनले भने 'मुख्यमन्त्री नै क्याबिनेट हुनुहुन्छ । कसरी गर्नुभयो उहाँलाई नै थाहा होला । गठबन्धन र क्याबिनेटमा कुनै छलफल भएको छैन । क्याबिनेट बैठक भएकै दिन मुख्यमन्त्री भारततर्फ गएका छन् । उनी पारिवारिक कार्यले भारत जानु परेको मुख्यमन्त्री तथा मन्त्रिपरि षदको कार्यालय स्रोतले जनाएको छ। मन्त्रालय फुटाउँदा आफूसित कुनै छलफल नभएको जनाउँदै असन्तुष्ट बनेका मन्त्री यादवले भने, मुख्यमन्त्रीले एकलौटी गरेको निर्णय बारे पार्टीको शीर्ष नेतृत्वलाई जानकारी गराइसकेको छु। पार्टीले लिने निर्णय अनुसार आफू अगाडि बढ्ने उनले बताए। मुख्यमन्त्री सरोज कुमार यादवले शपथ लिएकै दिन जनमत पार्टीबाट मन्त्रीले शपथ लिएका थिए। मधेश प्रदेश सरकारमा जनमत कोटाबाट २ जना मन्त्री छन् । जनमतका नेता चन्दन सिंह श्रम तथा यातायात मन्त्री छन् । यादवले शिक्षा मन्त्रालय पाएका छन् । मुख्यमन्त्रीसँगै मन्त्रीको शपथ लिएका जनमत पार्टीका नेता वसन्त कुशवाहालाई सर कारबाट हटाइसकिएको छ । कृषिमन्त्री रहेका कुशवाहालाई केही समय बिना विभागीय मन्त्री राखेर पछि हटाइएको थियो । प्रदेशमा सबैभन्दा ठूलो मन्त्रालय नै शिक्षा तथा समाजकल्याण रहेकाले खेलकुद तथा समाजकल्याण मन्त्रालय फुटाएर बिना विभागीय मन्त्रीलाई मन्त्रालयको जिम्मेवारी दिएको मुख्यमन्त्री निकटका नेताहरुले जनाएका छन् ।












# नेपालबाट मनसुन बाहिरियो

■ टक नेपाल

काठमाडौं । नेपालको सुदूर पश्चिम तथा कर्णाली प्रदेशको पश्चिम भू-भाग भएर यस वर्षको मनसुन बाहिरिएको छ । बाँकी भू-भागबाट पनि केही दिनमा मनसुन बाहिरिने सम्भावना रहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । महाशाखाले शुक्रबार राति विशेष मौसम बुलेटिन निकालेर नेपालबाट मनसुन बहिर्गमन सुरु भएको जनाएको हो । महाशाखाका मौसमविद् गोविन्दकुमार झाका अनुसार नेपालबाट मनसुन पूर्ण रुपमा बाहिरिन अझै केही दिन लाग्नेछ । "देशको पश्चिम भेग भएर शुक्रबारबाट मनसुन बाहिरिन सुरु भएको छ । बाँकी भेगमा मनसुन कायमै रहेकाले आगामी तीन दिन हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ", उहाँले झाले भन्नुभयो । नेपालमा मनसुन बहिर्गमनको औसत मिति अक्टोबर २ तारिख भए पनि यस वर्षको मनसुन औसत मितिभन्दा केही दिन ढिलो बाहिरिएको झाले बताउनुभयो । उहाँका अनुसार बङ्गालको खाडीको उत्तर-पश्चिम भागमा विकास भएको न्यूनचापीय क्षेत्रको प्रभावले मनसुन बहिर्गमनमा ढिलाई भएको थियो । नेपालमा मनसुन भित्रिने सरदर मिति जुन १३ हो । यस वर्ष सरदर मितिभन्दा एक दिन ढिलो अर्थात् जुन १४ तारिख (जेठ ३१ गते) मनसुन भित्रिएको थियो । नेपालको पूर्वी तथा मध्य भू-भागमा हाल बङ्गलादेश र आसपास रहेको न्यूनचापीय क्षेत्रको प्रभावले बदली र वर्षा गराएको महाशाखाले उल्लेख गरेको छ । आज राति कोशी, मधेस, बागमती र गण्डकी प्रदेशका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । भोलि आइतबार पनि कोशी, बागमती र गण्डकी प्रदेशमा आंशिकदेखि सामान्य बदली रही बाँकी प्रदेशमा आंशिक बदलीदेखि सामान्यतया मौसम सफा रहनेछ । कोशी, बागमती र गण्डकी प्रदेशको पहाडी भू-भागका थोरै स्थानहरुमा मेघ गर्जन/चट्याङसहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ ।




# आजदेखि दसैं लक्षित सुपथ मूल्य पसल खुल्दै

■ टक नेपाल



जनकपुरधाम । सरकारले दसैं, तिहार, छठलगायत ठूला चाडपर्वमा नागरिकलाई सहुलियत दरमा दैनिक उपभोग्य वस्तु उपलब्ध गराउने उद्देश्यले आइतबारदेखि देशभर सुपथ मूल्य पसल सञ्चालन गर्दैछ । सरकारी स्वामित्वका खाद्य व्यवस्था तथा व्यापार कम्पनी, साल्ट् ट्रेडिङ तथा दुग्ध विकास संस्थानले आगामी मंसिर ३ गतेसम्म सहुलियत पसल सञ्चालन गर्नेछन् । आम उपभोक्ताको हितलाई ध्यानमा राखी अत्यावश्यक खाद्य तथा उपभोग्य वस्तु सहुलियत मूल्यमा उपलब्ध गराउन चाडबाड अवधिभर यस्ता पसल सञ्चालनमा ल्याउन लागिएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ। यस्ता पसलबाट बजार मूल्य नियन्त्रण र गुणस्तरीयता कायम गरी सरल, सहज र सर्वसुलभ रुपमा उपलब्ध गराउने उद्देश्य सरकारले राखेको छ। सरकारले उद्योग, वाणिज्य, तथा आपूर्ति मन्त्रालयको मातहतका खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसन तथा कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहतको दुग्ध विकास संस्थानको सहकार्यमा सहुलियत मूल्य पसल सञ्चालनमा ल्याउन लागेको हो। ती कम्पनीका काठमाडौं उपत्यकामा रहेका बिक्री केन्द्र र तीन घुम्ती पसल गरी ३५ स्थानबाट सुपथ मूल्यमा खाद्यान्न बिक्री वितरण हुनेछ। राजधानीबाहिर मोरङ, झापा, ताप्लेजुङ, सङ्खुवासभा, सोलुखुम्बु, दिक्तेल, भोजपुर, ओखलढुङ्गा, खोटाङ, सिराहा, जनकपुर, पर्सा, काठमाडौं, ललितपुर, भक्तपुर, कास्की, तनहुँ, गोरखा, मनाङ, मुस्ताङ, रुपन्देही, बाँके, दाङ, बर्दिया, रुकुम-पूर्व र रुकुम-पश्चिममा सुपथ पसल सञ्चालन हुनेछ। यस्तै रोल्पा, सुर्खेत, गुल्मी, दैलेख, डोल्पा, कालीकोट, हुम्ला, जाजरकोट, जुम्ला, मुगु, कैलाली, डडेल्धुरा, बाजुरा, बझाङ, अछाम, दार्चुला, महेन्द्रनगरमा सहुलियतपूर्ण पसल रहनेछन् । खाद्य व्यापार कम्पनीले ४२ जिल्लाका ४८ स्थानमा सुपथ मूल्य पसल सञ्चालन गर्ने तयारी गरेका प्रवक्ता शर्मिला न्यौपानेले जानकारी दिए । कम्पनीले सञ्चालनमा ल्याएका बिक्री कक्षबाट उपभोक्ताले सबै किसिमका चामल, दाल, गहुँ, आटा, पीठो, र सबै प्रकारका तेलमा प्रतिकिलो/प्रतिलिटर सात रूपैयाँ तथा कर्णालीको सिमी, फापर, चिनो, कागुनो र खसीबोकामा प्रतिकिलो १० छुट पाउनेछन् । उपत्यकाभित्र रामशाहपथ, थापाथली, नख्खु र सूर्यविनायक तथा विभिन्न जिल्लामा रहेका बिक्री कक्षबाट सहुलियत दरमा खाद्यान्न उपलब्ध हुनेछ । खाद्य व्यापार कम्पनीले अनलाइनबाट पनि सहुलियत मूल्यमा खाद्यान्न बिक्री गर्नेछ ।

बाँकी पृष्ठ २ मा




"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

Rs. 2800/-

WHOLE BODY CHECKUP
-CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC

Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

बर्दिबास-१४, औरहीरोड सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४

बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com